नेपाल सरकार
गृह मन्त्रालय
अध्यागमन विभाग
(प्रशासन शाखा)
कालिकास्थान, काठमाण्डौं

फोन : ४४२९६५९, ४२९६६०, ४४३३९३४, ४४३८८६२

Website :www.immigration.gov.np
E-mail :mail22doi@gmail.com
info@immigration.gov.np

पत्र संख्याः २०८३/८४
चलानी नं.

नेपाल सरकार गृह मन्त्रालय अध्यागमन विभाग २०८१

प्रेस विज्ञप्ति

मिति २०८३/०५/१० गते भोटेकोशी नदीमा आएको बाढीका कारण अध्यागमन कार्यालय, टिमुरे, रसुवामा कार्यरत चार जना राष्ट्रसेवक कर्मचारी कर्तव्यपालनाको क्रममा प्रभावित हुनुभएको थियो। सो घटनामा परी अध्यागमन अधिकृत श्री यादव भण्डारीको असामयिक निधन भएको छ भने वरिष्ठ अध्यागमन सहायक श्री दुर्गाप्रसाद पोखरेल, अध्यागमन सहायक सुश्री पार्वती मानन्धर र कार्यालय सहयोगी सुश्री छिरिङ ल्हामु तामाङ हालसम्म सम्पर्कविहीन हुनुहुन्छ।

उक्त प्राकृतिक विपद्पश्चात् निजहरूको खोजी तथा उद्धारका लागि यस विभागले सम्बन्धित जिल्ला प्रशासन कार्यालय, सुरक्षा निकाय, स्थानीय तह लगायत सरोकारवाला निकायहरूसँग आवश्यक समन्वय गर्दै निरन्तर प्रयास गरिरहेको छ।

सोही क्रममा अध्यागमन अधिकृत श्री यादव भण्डारीको शव मिति २०८३/०५/१२ गते नवलपरासी (ब.सु.प.) मा फेला परेको, निजका आफन्तबाट शव पहिचान भई दाहसंस्कार समेत सम्पन्न भइसकेको जानकारी यस विभागलाई प्राप्त भएको छ। कर्तव्यपालनाकै क्रममा दिवंगत हुनुभएका अध्यागमन अधिकृत श्री यादव भण्डारीप्रति यस विभाग हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछ। साथै, शोकसन्तप्त परिवारजन, आफन्त तथा शुभचिन्तकहरूप्रति गहिरो समवेदना व्यक्त गर्दै यो अपूरणीय क्षति सहन गर्ने शक्ति प्राप्त होस् भन्ने कामना गर्दछ।

सम्पर्कविहीन हुनुभएका वरिष्ठ अध्यागमन सहायक श्री दुर्गाप्रसाद पोखरेल, अध्यागमन सहायक सुश्री पार्वती मानन्धर र कार्यालय सहयोगी सुश्री छिरिङ ल्हामु तामाङको अवस्थाका सम्बन्धमा हालसम्म आधिकारिक जानकारी प्राप्त हुन सकेको छैन। निजहरूको शीघ्र खोजी तथा सकुशल उद्धारका लागि यस विभाग सम्बन्धित निकायहरूसँग निरन्तर समन्वय र सहकार्य गरिरहेको व्यहोरा जानकारी गराउँदछ।

यस दुःखद एवं विषम परिस्थितिमा प्रभावित कर्मचारीका परिवारजनप्रति यस विभाग हार्दिक सहानुभूति प्रकट गर्दछ। साथै, खोज तथा उद्धार कार्यलाई थप प्रभावकारी बनाउन सम्पूर्ण सरोकारवाला पक्षबाट आवश्यक सहयोग र समन्वयको अपेक्षा गरिएको छ।

२०८३/५/१५

मितिः २०८३ भाद्र १५
नेपाल संवत् ११४६

(शिव प्रसाद लम्साल)
प्रवक्ता/निर्देशक